# स्थानीय राजपत्र

## कञ्चन गाउँपालिकाद्वारा प्रकाशित

कञ्चन, खण्डः ७, भागः२ संख्याः १, मितिः२०८१/०५/११ गते

**भाग-१**

**कञ्चन गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा (३) बमोजिम कञ्चन गाउँपालिका, गाउँसभाले बनाएको तल लेखिए बमोजिमको सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

## कञ्चन गाउँपालिकाको उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०८१

*कार्यपालिकाबाट स्वीकृत मिति :२०८१/०५/०५*

**प्रस्तावनाः**

कञ्चन गाउँपालिकाको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत लाभग्राही समुदाय मार्फत कार्यान्वयन गरिने सार्वजनिक निर्माणसँग सम्बन्धित योजना तथा कार्यक्रमहरुको कार्यान्वयन प्रक्रियालाई व्यवस्थित बनाउनको लागि उपभोक्ता समितिहरुको दर्ता, नविकरण, नियमन एवम् खारेजी सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि कञ्चन गाउँपालिका गाउँ कार्यपालिकाले देहाय बमोजिमको कार्यविधि स्वीकृत गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम कञ्चन गाउँपालिकाको उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०८१ रहनेछ

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

२.**परिभाषाः** विषय र प्रसङ्गले अन्यथा अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अध्यक्ष" भन्नाले उपभोक्ता समितिको अध्यक्षलाई जनाउनेछ ।

(ख) "योजना" भन्नाले गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयबाट सञ्चालन भई गाँउपालिकाको कार्यालयबाट भुक्तानी हुने आयोजना/परियोजना/योजना/कार्यक्रमलाई जनाउनेछ ।

(ग) "उपभोक्ता" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने क्षेत्रभित्रका व्यक्तिलाई जनाउनेछ

(घ) "उपभोक्ता समिति" भन्नाले आयोजनाको निर्माण सञ्चालन व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि लाभग्राही समुदायहरु मध्येबाट गठन गरेको समितिलाई जनाउनेछ ।

(ङ) "गाउँपालिका" भन्नाले कञ्चन गाउँपालिकालाई जनाउनेछ ।

(च) "ठूला मेशिनरी तथा उपकरण" भन्नाले ठूला मेशिनरी उपकरणहरु जस्तै- बुलडोजर एक्साभेटर श्रममूलक प्रविधिलाई विस्थापन गर्ने खालका उपकरणलाई जनाउनेछ ।

(छ) "सम्झौता" भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन एवम् मर्मत सम्भार गर्नको लागि कार्यालय र उपभोक्ता समिति विच भएको लिखित करारनामा वा कबुलियतनामालाई जनाउनेछ

(ज) "दर्ता अधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी समेतलाई जनाउँनेछ ।

३.**योजनाको वर्गिकरण गर्नुपर्नेः**(१) वार्षिक योजना तथा कार्यक्रमहरु गाउँसभाबाट स्विकृत भए पश्चात गाउँपालिका वा वडा कार्यालयहरुले उपभोक्ता समितिमार्फत गर्न सकिने योजनाहरुको वर्गिकरण गरी सूचि तयार गर्नु पर्नेछ । तर पालिकास्तरीय योजनाहरुका हकमा उपभोक्ता समिति दर्ता नभएपनि गाँउपालिकाले खरिद विधी सम्वन्धी कार्यालयबाटै निर्णय लिई कार्यान्वयनमा लैजान सक्नेछ।

(२) उपभोक्ता समितिमार्फत कार्यान्वयन गरिने योजनाहरुको वर्गिकरणका लागि देहाय अनुसारको मापदण्ड पुरा हुनुपर्नेछ ।

(क) कम्तिमा १० प्रतिशत लागत साझेदारी

(ख) अधिकतम लागत अनुमान रु. १० लाख भएको योजना

(ग) हेम्भी इक्युपमेन्ट प्रयोग नहुने तथा स्थानीय श्रम सीपको प्रयोगभई रोजगारी सिर्जना हुने सुनिश्चितता भएका योजनाहरु

(घ) सडक कालोपत्रे तथा ठुला भवन निर्माण जस्ता विशिष्ट क्षमता र योग्यता आवश्यक पर्ने योजनाहरु उपभोक्ता समितिबाट निर्माण गर्न पाइनेछैन ।

(ङ) कुनै दवाव र प्रभाव विना लाभग्राही समुदायहरु स्वतस्फुत रुपमा आफै योजना कार्यान्वयनमा इच्छुक भएमा मात्र उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन गर्नपर्ने

४.**उपभोक्ता समिति दर्ता गर्नुपर्नेः** (१) दफा ३ बमोजिमका १ लाख रुपैया वा सो भन्दा वढी रकम विनियोजन भएका योजनाहरुको लागि गठन भएका उपभोक्ता समितिको अनिवार्य रुपमा गाँउपालिकामा दर्ता गर्नपर्ने छ ।दर्ता गर्नका लागि देहाय बमोजिमका कागजपत्र संलग्न गरी अनुसूची १ बमोजिमको ढाँचामा गाँउपालिकाको योजना शाखामा निवेदन दिनुपर्नेछ

(क) दर्ता गर्ने विषयमा समितिको वैठकबाट जिम्मेवारी तोकेको निर्णय,

ख) वडाका जनप्रतिनिधि वा कर्मचारीको रोहबरमा बसेको आमभेलाको निर्णय प्रतिलिपि,

(ग) कार्यसमितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी,

(घ) अनुसूची-५ बमोजिमको ढाँचामा दुई प्रति विधान ।

(ङ) उपभोक्ता समितिको नामावली उल्लेख भएको सम्बन्धित वडाको सिफारीस ।

(२) माथि उल्लेखित कागजातहरुको आवश्यक जाँचबुझ गरी दर्ता अधिकारीले सम्बन्धित उपभोक्ता समितिलाई अनुसूची-२ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र उपलब्ध गराउनेछ ।

५.**दर्ता नम्बर उपलब्ध गराउनुपर्नेः** दर्ता अधिकारीले आफ्नो कार्यालयमा दर्ता भएका उपभोक्ता समितिलाई दर्ता नम्बर प्रमाणपत्रमा खुलाउनु पर्नेछ ।

६. **उपभोक्ता समिति नविकरण सम्बन्धी व्यवस्थाः** (१) सार्वजनिक निर्माणको लागि गठन भएको उपभोक्ता समिति प्रचलित कानून बमोजिम दर्ता भएको वा सूचीकरण भएको अवस्थामा निरन्तर रहि रहनेछ । यस्ता समितिहरु बार्षिक रुपमा नविकरण गरेको आधारमा आयोजना कार्यान्वयनमा संलग्न रहनेछन् । नविकरण गर्नको लागि सम्बन्धित उपभोक्ताहरुको आमभेला गराई उपभोक्ता समितिलाई निरन्तरता दिने निर्णय भएको हुनुपर्नेछ।

(२) उपभोक्ता समितिलाई निरन्तरता दिने वा नदिने विषयमा सम्बन्धित उपभोक्ता समितिले वार्षिक वर्ष समाप्त भएको सामान्यतया प्रथम त्रैमासिक भित्र निर्णय गर्नु पर्नेछ ।

**७.उपभोक्ता समितिको सूचीकरण गर्नेः** दर्ता अधिकारीले आफ्नो कार्यालयमा दर्ता हुने आएका उपभोक्ता समितिहरुको लगत अनुसूची-३ को ढाँचामा राख्नुपर्नेछ ।

**८.उपभोक्ता समितिको अनुगमन नियमन सम्वन्धी व्यवस्थाः** (१) गाउँपालिकाले नियमानुसार दर्ता भएका उपभोक्ता समितिको अनुमगमन नियमन गर्न सक्नेछ ।

(२) अनुगमन गर्ने क्रममा प्रचलित कानूनको बर्खिलाप हुने गरी कुनै कार्य गरेको पाईएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समितिलाई सचेत गराउने वा दर्ता खारेजी वा दुवै कारवाहीको लागि आदेश दिन सक्नेछ ।

(३) तोकिएको समयमा सम्झौता गरे पश्चात उपभोक्ता समितिलाई अनुसुचि- ४ बमोजिमको कार्य सम्पन्न प्रमाणपत्र सहित योजनाको स्वामित्व हस्तान्तरण गरिनेछ ।

**९.अन्य संस्थाबाट समेत कार्य गराउन सकिनेः** (१) यस कार्यविधि बमोजिम उपभोक्ता समितिबाट गरिने कार्यहरु सामुदायिक वन उपभोक्ता समूह, सामुदायिक स्तरका सहकारी संस्थाहरु, जल उपभोक्ता संस्था, आमा समुह, कृषक समूह,टोल विकास संस्था, दर्तावाल क्लव,संघ संस्था लगायतका कानून बमोजिम दर्ता भएका अन्य सामुदायिक संघ संस्था वा समितिहरु जस्ता संस्थाहरुलाई आफ्नो विषयक्षेत्रसँग सम्बन्धित आयोजनामा स्थानीय उपभोक्ताहरुको आमभेलाबाट निर्णय भई आएमा यस कार्यविधि बमोजिम सम्बन्धित कार्य समितिबाट कार्य गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्थामा छुट्टै उपभोक्ता समिति दर्ता गर्नुपर्ने छैन र आर्थिक कारोबार समेत सम्बन्धित संस्थाकै नाममा गरिनेछ ।

**१०. जिम्मेवारी र अभिलेख हस्तान्तरणः**(१) उपभोक्ता समिति पुनर्गठन हुँदाको अवस्थामा आर्थिक कारोबारको विवरण बैठकको निर्णय किताब लगायतका अभिलेख पुर्नगठित समितिलाई हस्तान्तरण गर्नु पर्नेछ । आयोजना सम्पन्न भएपछि सार्वजनिक निर्माणसँग सम्वन्धित कागजात गाउँपालिकाको योजना शाखामा  पन्ध्र दिन भित्र बुझाउनु पर्नेछ ।

**११. उपभोक्ता समितिको एकिकृत लगत राखिनेः** दर्ता भएका उपभोक्ता समितिको एकिकृत लगत गाउँ कार्यपालिकाको कार्यालयमा राखिनेछ ।

**१२. कार्यविधिमा संशोधनः** यस कार्यविधिमा गाउँपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

**१३. बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधिमा उल्लेखित मापदण्डको कुनै प्रावधानको कार्यान्वयनमा द्विविधा उत्पन्न भई कार्यान्वयनमा बाधा आइपरेमा गाउँ कार्यापालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१४. बचावट  र लागु हुनेः** (१) यस कार्यविधि भन्दा अगाडि दर्ता भएका उपभोक्ता समितिहरु यसै कार्यविधि बमोजिम दर्ता भएको मानिने छ । यस कार्यविधिमा उल्लेख भएका कुरा यसै कार्यविधि अनुसार र उल्लेख नभएका कुराहरू प्रचलित कानून अनुसार हुने छ ।

(२) यस कार्यविधिमा उल्लेखित कुनै कुरा सङ्घीय र प्रादेशिक कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

अनुसूची-१ (दफा ४ (१) सँग सम्बन्धित)

उपभोक्ता समिति दर्ताका लागि दिइने निवेदनको ढाँचा

मितिः

श्रीमान् दर्ता अधिकारीज्यू,

कञ्चन गाउँपालिकाको कार्यालय,
कञ्चन-०२,बेउरी,रुपन्देही ।

विषयः उपभोक्ता समिति दर्ता गरी पाउँ ।

प्रस्तुत विषयमा कञ्चन गाउँपालिकाको आ.ब. ................को ............................................................................................ योजना कार्यान्वयनको लागि मिति ................................ को आम भेलाबाट उपभोक्ता समिति गठन गर्ने निर्णय भएकोले नियमानुसार उपभोक्ता समिति दर्ताको लागि देहायका कागजात सहित यो निवेदन पेश गरेको छु ।

उपभोक्ता समितिको नामः
ठेगानाः
अध्यक्षको नामः
अध्यक्षको सम्पर्क नं.
**संलग्न कागजातहरूः**
१. दर्ता गर्ने विषयमा जिम्मेवारी तोकिएको निर्णय,
२. आमभेलाको निर्णय र आम भेलाको एक प्रति फोटो,
३. कार्यसमितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी,
४. अनुसुची-४ बमोजिमको ढाँचामा दुई प्रति विधान,
५. सम्वन्धित योजना/कार्यक्रम गर्नु अगाडीको सुरुवाती अवस्थाको भौतिक विवरण देखिने गरी रंगिन फोटो २ प्रति

निवेदक

अनुसूची- २ (दफा ४ (२) सँग सम्बन्धित)
उपभोक्ता समिति दर्ता प्रमाण-पत्रको ढाँचा

कञ्चन गाउँपालिकाको कार्यपालिकाको कार्यालय,
कञ्चन-०२, बेउरी,रुपन्देही ।

उपभोक्ता समिति दर्ता प्रमाण-पत्र

दर्ता नं.
दर्ता मितिः

श्री...................................
........................................ ।

कञ्चन गाउँपालिकाको वडा नं. ......को मिति........................ मा बसेको ..........................टोलको सम्बन्धित उपभोक्ताहरुको आमभेलाबाट उपभोक्ता समिति गठन गर्ने निर्णय र वडा समितिको सिफारिस सहित दर्ताको लागि प्राप्त निवेदन बमोजिम यस कार्यालयको मिति............................को निर्णयानुसार उपभोक्ता समिति दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

प्रमाणित गर्ने

कञ्चन गाउँ

अनुसूची-३ (दफा ७ सँग सम्बन्धित)

उपभोक्ता समितिको सूचिकरण दर्ता किताव

| क्र.सं. | आयोजनाको नाम र ठेगाना | आयोजनाले समेट्ने क्षेत्र | समितिको नाम | उपभोक्त समितिको गठन मिति | उपभोक्ता समितिको पदाधिकारीहरुको नाम र सम्पर्क नम्वर | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

कञ्चन गाँउपालिका राजपत्र

अनुसूची-४ (दफा ८ (३) सँग सम्बन्धित)

योजना हस्तान्तरण प्रमाण पत्र

मितिः

श्री.................................

...................................... ।

कञ्चन गाउँपालिकाको वडा नं. ......को मिति......................... मा दर्ता भई आ.व............................................................को योजना/ कार्यक्रम तोकिएको समयमा नै सफलता पुर्वक सम्पन्न गर्नु भएकोमा स-धन्यवाद ज्ञापन गर्दै मिति .......................देखि योजना/ कार्यक्रमको सम्पुर्ण स्वामित्व उपभोक्ता समितिमा नै रहने गरी योजना/ कार्यक्रम हस्तान्तरण गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

पुर्वाधार शाखा योजना शाखा लेखा शाखा प्रमाणित गर्ने

कञ्चन गाउँपालिका

अनुसूची-५
(दफा ४ (१) (घ) सँग सम्बन्धित)

उपभोक्ता समितिको विधानको नमूना

प्रस्तावनाः

स्थानीय स्तरमा उपलब्ध श्रम, सीप, स्रोत साधन तथा अवसरहरुलाई अधिकतम परिचालनबाट रोजगारी सिर्जना, सहभागितामूलक योजना तर्जुमा गरी आफ्नो टोल बा बस्तीको समग्र विकास मार्फत नगरको विकासमा ठोस योगदान पुर्याउने उदेश्यले यस................ उपभोक्ता समिति गठन गरी परिचालन गर्न यो विधान बनाइएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो उपभोक्ता समितिको नाम................ हुनेछ ।

(२) यो विधान उपभोक्ताहरुको आम भेलाबाट अनुमोदन भई गाउँपालिकाकोको कार्यालयबाट स्वीकृती भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमाः

(क) "समिति" भन्नाले.......................................नामक उपभोक्ता समितलाई सम्झनुपर्छ ।
(ख) "विधान" भन्नाले उपभोक्ता समितिलाई सम्झनुपर्छ । उपभोक्ता समितिको विधानलाई सम्झनुपर्छ ।
ग) "आमभेला" भन्नाले उपभोक्ता समिति गठनको लागि राखिएको उपभोक्ताहरुको भेलालाई सम्झनु पर्छ ।
(घ) "कार्यसमिति भन्नाले कुनै पनि योजना संचालनको लागि गठित उपभोक्ता समितिलाई सम्झनु पर्छ।
(ङ) "बैठक" भन्नाले उपभोक्ता समितिको बैठकलाई सम्झनुपर्छ ।
(च) "पदाधिकारी" भन्नाले कार्यसमितिका अध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यलाई जनाउँछ।
३. संगठित संस्था हुनेः (१) यो समिति संगठित संस्था हुनेछ ।
(२) समितिको आफ्नो छुट्टै छाप हुनेछ साथै समितिले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ।
(३) समितिले चल अचल सम्पति प्राप्त गर्न र उपभोग गर्न सक्नेछ तर समितिले आफ्नो अचल सम्पत्ति बिक्रि गर्न पाउने छैन । समिति विघटन भएमा सो समितिको सम्पूर्ण चल अचल सम्पत्ति पुर्नगठित उपभोक्ता समितिको हुनेछ।

४. उपभोक्ता समितिका उद्देश्यहरुः समितिका उद्देश्यहरु देहाय बमोजिम हुनेछः

(क) स्थानीय स्रोत साधनको अधिकतम परिचालन गरी कम लागतमा अधिकतम उपलब्धि हासिल गराउने,
ख) आयोजनाको कार्यान्वयन र प्राप्त प्रतिफलसम्म लाभग्राहीहरुको समतामूलक पहुँच स्थापित गर्ने।
ग) आयोजनाको नियमित मर्मत संभार, रेखदेख र अनुगमन गर्ने,
५. उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः
(क) सम्झौता बमोजिमको काम तोकिएको परिणाम, गुणस्तर, समय र लागतमा सम्पादन गर्ने,
(ख) उपभोक्ताहरुलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने,
(ग) उपभोक्ता समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरुको कार्य विभाजन तथा बाडफाँड गर्ने,
(घ) सम्झौता बमोजिमको कामको परिणाम, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नुपर्ने भएमा कार्यालय बाट स्वीकृति लिने,
(ङ) वातावरण सन्तुलन कायम गर्दै नियमित मर्मत सम्भार मार्फत आयोजनाको दिगो व्यवस्थापन गर्ने।
(च) आयोजना सम्पन्न पश्चात तोकिएको ढाँचाका कागजातहरु सहित समयमै फरफारकका लागि सम्बन्धित कार्यालयमा पेश गर्ने।

६. खाता सञ्चालनः (१) उपभोक्ता समितिको खाता नजिकको पायक पर्ने बैकमा खोलिनेछ ।

(२) समितिको खाता अध्यक्ष, कोषाध्यक्ष र सचिव गरी तीन जना मध्ये दुई जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । खाता सञ्चालकहरु मध्ये कम्तिमा एक जना महिला हुनेछ ।

७. कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः कार्यसमितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अध्यक्षको काम, कर्तव्य र अधिकारः
(१) समितिको नियमित बैठक बोलाउन निर्देशन दिने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।
(२) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गरी निर्णयहरु लागू गर्ने, गराउने ।

(३) समितिले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।
(४) विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने ।

(५) बिधान बमोजिम अन्य कार्यहरु गर्ने ।

(ख) उपभोक्ता समितिको सचिवको काम, कर्तव्य र अधिकारः

(१) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।

(२) एक तिहाइ सदस्यले बिशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने।

(३) छलफलका प्रस्तावका आधारमा बैठकको निर्णय लेखि निर्णय प्रमाणित गर्ने/गराउने ।

(४) तोकिएका अन्य कार्यहरु गर्ने ।

(ग) कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः

(१) संस्थाको आम्दानी र खर्चको विवरण तयार पार्ने ।

(२) बैंकमा खाता सञ्चालन गर्दा संयुक्त रुपमा खाता सञ्चालन गर्ने ।

(३) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

८. आमभेलाको काम, कर्तव्य र अधिकारः

आमभेलाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

(ख) कार्य समितिको कुनै सदस्य वा सिंगो कार्यसमितिको विरुद्ध कुनै उजुरी भएमा निर्णय गर्ने ।

(ग) समितिको विधान संशोधन गर्ने ।

(घ) संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

. आर्थिक व्यबस्थापनः समितिको देहाय बमोजिम आर्थिक स्रोत हुनेछ ।

(क) गाउँपालिकाबाट प्राप्त अनुदान ।

(ख) जनश्रमदानबाट प्राप्त हुने आम्दानी ।

(ग) संघ संस्थाबाट नगद जिन्सी तथा अन्य आम्दानी ।

(घ) उपभोक्ता सामितिबाट आयोजना/परियोजना/कार्यक्रम/योजना/क्रियाकलापमा गरिने लागत साझेदारीको रकम।

१०. कार्यसमितिका पदाधिकारीको राजिनामाः (१) समितिका सदस्यहरुले आफ्नो पदबाट राजिनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन् ।

११. विविधः

क. लागत सहभागिता वापतको रकम बैंक खातामा अनिवार्य जम्मा गर्ने,

ख. उपभोक्ता समिति मार्फत जिम्मा लिएको काम स्थानीय रोजगार प्राथमिकता दिइनेछ,

ग. निर्माण व्यवसायीलाई ठेक्का दिइनेछैन । दिएमा कानून बमोजिम सम्पूर्ण जिम्मेवारी समितिले लिनुपर्ने ।

घ. विधान संशोधन गर्नु पर्ने भएमा कार्य समितिले स्विकृत गरी आमभेलामा पेश गर्नुपर्नेछ। आमभेलाको उपस्थिति सदस्यहरुको कम्तिमा दुई तिहाई बहुमतबाट मात्र विधान संशोधन हुन सक्नेछ ।यो विधान प्रचलित ऐन, नियमहरुसँग बाझीएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ।

कञ्चन गाँउपालिका स्थानीय राजपत्र

**प्रमाणीकरण मितिः २०८१/०५/०५**

आज्ञाले,

सागर गौतम

प्रमुख प्रशासकीय अधिकृत

कञ्चन गाउँपालिका

कञ्चन गाउँपालिका स्थानीय राजपत्र